निर्णय प्रमाणित
बखतबहादुर
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**प्रस्तावहरु :**

**प्रस्ताव नं. १** : आ.व. २०७७।०७८ को योजना तथा कार्यक्रम कार्यान्वयन सम्वन्धमा ।

**प्रस्ताव नं. २** : गाउँपालिकाकाको सडक यातायात गुरुयोजनाको मस्यौदा माथि छलफल ।

**प्रस्ताव नं. ३** : करार कर्मचारी पदपूर्ति सम्वन्धमा ।

**प्रस्ताव नं. ४** :स्वास्थ्य संस्थामा स्वीपर राख्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ५** : प्राविधिक कर्मचारी वडामा खटाउने सम्वन्धमा ।

**प्रस्ताव नं. ६** : दरवन्दी कायम गर्ने सम्वन्धमा ।

**प्रस्ताव नं. ७** : पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी आयोजना सम्वन्धमा ।

**प्रस्ताव नं. ८** : औद्योगिक ग्राम स्थापना सम्वन्धमा ।

**प्रस्ताव नं. ९** : सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता आयोजना समन्वय समिति गठन सम्वन्धमा ।

**प्रस्ताव नं. १०** : सम्पत्तीकर तथा भूमीकर व्यवस्थापन कार्यविधि, २०७७ स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय नं. १ :**

यसगाउँपालिकाको सातौं गाउँसभावाट आ.व. २०७७।०७८ को लागि स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेट अनुसार तयार वार्षिक कार्यक्रमहरुको विभिन्न विषयगत शाखावाट तयार गरिएको वार्षिक कार्यक्रम स्वीकृत फारम(चौमासिक कार्यक्रम) स्वीकृत गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो

**निर्णय नं. २ :**

यस भगवतीमाई गाउँपालिकाको तयार भएको सडक यातायात गुरुयोजनाको मस्यौदा माथि छलफल गरियो । कार्यपालिकावाट दिइएका सुझाव समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्न सुझाव दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत रिक्त रहेका तपसिलका पदहरुमा करार कर्मचारी पदपूर्तिको लागि विज्ञापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | पद | पद संख्या | कैफियत |
|---|---|---|---|
| १. | पशु सेवा प्राविधिक | १ | नेपाल सरकार सशर्त अनुदान कार्यक्रम |
| २. | एक गाउँ एक प्राविधिक (पशु सेवा) | १ | गाउँ कार्यपालिकाको कार्यालय |
| ३. | कार्यालय सहयोगी | २ | गाउँ कार्यपालिकाको कार्यालय |

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य संस्थाहरु मध्ये पगनाथ स्वास्थ्य चौकी र वडाभैरव स्वास्थ्य चौकीमा स्वीपर सेवा करारमा राखिएको र अन्य स्वास्थ्य संस्थामा नभएकोले प्रसुती सेवामा असर पर्न गएको हुँदा प्रत्येक स्वास्थ्य संस्थामा स्वास्थ्य व्यवस्थापन समितिले छनोट गरी करार सम्झौताको लागि गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गरी पठाउने ~~गर्ने~~ निर्णय गरियो ।



Scanned with CamScanner

गाउँ कार्यपालिकको कार्यालय
पगनाथ,दैलेख
कर्णाली प्रदेश,नेपाल

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ५ :**

यस भगवतीमाई गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत ईन्जिनियरिङ्ग सेवातर्फका प्राविधिक कर्मचारीहरुलाई देहाय बमोजिम काममा खटाउने निर्णय गरियो ।

| क्र.सं. | नामथर | पद | कामकाज गर्न खटाईएको स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | खगेन्द्रप्रसाद शर्मा | सब ईन्जिनियर | गा.पा. कार्यालयमा हाजिर | वडा नं. २, ३ र ४ थप जिम्मेवारी |
| २. | राजु खत्री | सब ईन्जिनियर | १ नं. वडा कार्यालयमा हाजिर | वडा नं. ५ र ६ थप जिम्मेवारी |
| ३. | मदन विश्वकर्मा | सब ईन्जिनियर | ५ नं. वडा कार्यालयमा हाजिर | |
| ४. | दिपकराज अधिकारी | अ.सब ईन्जिनियर | ७ नं. वडा कार्यालयमा हाजिर | |
| ५. | ज्ञानबहादुर थापा | अ.सब ईन्जिनियर | ४ नं. वडा कार्यालयमा हाजिर | वडा नं. २ र ३ थप जिम्मेवारी |

**निर्णय नं. ६ :**

यस भगवतीमाई गाउँपालिकाको वडा कार्यालयको लागि स्वीकृत दरवन्दीमध्ये देहाय वमोजिम दरवन्दी कायम गर्ने निर्णय गरियो ।

| वडा नं. | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह सहायक स्तर पाँचौ | नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, सहायक स्तर पाँचौ | नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह सहायक स्तर चौथो | नेपाल ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, सहायक स्तर चौथो | कैफियत |
|---|---|---|---|---|---|
| १. | ० | ० | १ | १ | |
| २. | ० | ० | १ | १ | |
| ३. | ० | ० | १ | १ | |
| ४. | १ | १ | ० | ० | |
| ५. | १ | १ | ० | ० | |
| ६. | ० | ० | १ | १ | |
| ७. | १ | १ | ० | ० | |
| जम्मा | ३ | ३ | ४ | ४ | |

**निर्णय नं. ७ :**

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट मिति २०७७०५।०२ गते प्रदेश र स्थानीय तहमा पर्यटन पूर्वाधार तथा पर्यटन उपजविकास साझेदारी आयोजना/कार्यक्रमहरु प्रस्ताव आह्वान भएकोले यस गाउँपालिकाबाट तपसिलका पर्यटन क्षेत्रमा पर्यटन पूर्वाधार निर्माणको लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गरी प्रस्ताव पेश गर्ने र सो आयोजनाहरुको लागि लाग्ने कूल लागत मध्ये ३० प्रतिशत लागत सहभागिता गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | पर्यटन क्षेत्रको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | मयाराम स्मृतिपार्क | वडा नं. ५ | |
| २. | जगनाथ हिल्स पर्यटन क्षेत्र पूर्वाधार निर्माण | वडा नं. ४ | |



Scanned with CamScanner

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

बखतबहादुर ...
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ८ :**

नेपाल सरकारको प्रत्येक स्थानीय तहमा औद्योगिक ग्राम स्थापना गर्ने नीति बमोजिम यस गाउँपालिकामा औद्योगिक ग्राम स्थापना गर्नको लागि देहायको स्थान छनौट गरी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९ :**

सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता आयोजना सञ्चालनमा सहजीकरण गर्न देहाय वमोजिमको गाउँपालिका स्तरीय समन्वय समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल:**

| क्र.सं. | नामथर | पद, ठेगाना | जिम्मेवारी |
|---|---|---|---|
| १. | दानबहादुर थापा | अध्यक्ष, भगवतीमाई गाउँपालिका | -अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृत | भगवतीमाई गाउँपालिका | -सदस्य |
| ३. | विरशंकर रोकाय | वडा अध्यक्ष, वडा नं. ६ | -सदस्य |
| ४. | मानबहादुर विश्वकर्मा | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | -सदस्य |
| ५. | टोपबहादुर बुढा | आर्थिक तथा सामाजिक विकास शाखा प्रमुख | -सदस्य सचिव |

**निर्णय नं. १० :**

भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयबाट तयार भई विधायन समितिमा छलफल तथा संशोधन पेश भएको भगवतीमाई गाउँपालिकाको **सम्पत्तीकर तथा भूमीकर व्यवस्थापन कार्यविधि, २०७७** स्वीकृत गर्ने निर्णय गरियो ।



Scanned with CamScanner